# स्थानीय राजपत्र

मिर्चैया नगरपालिकाद्धारा प्रकाशित

खण्ड ७ संख्या ३२ असोज २९ गते २०८० साल


**भाग-२**

**मिर्चैया नगरपालिका**

**रामनगर मिर्चैया,सिरहा**

## सूचना नं.-३२

## मिर्चैया नगरपालिकाको लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०८०

**प्रस्तावनाः** समाजमा बढ्दै गइरहेको हिसां निबारणका लागि कोष स्थापना गर्न बाच्छनीय देखिएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मिर्चैया नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम प्रारम्भः** (१) यो कार्यविधिको नाम "मिर्चैया नगरपालिकाको लैंगिक हिसां निवारण कोष सञ्चालन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि मिर्चैया नगरपालिकाको राजपत्रमा प्रकासित भएको मितिवाट प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि मिर्चैया नगरपालिका भित्र मात्र लागु हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यलय" भन्नाले मिर्चैया नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिसां निवारण कोष सम्झनु पर्छ ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिसांबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्दछ ।

(घ) "लैङ्गिक हिसा" भन्नाले कार्यस्थल, सार्बजानिक स्थल, घर परिवारमा हुने यौनजन्य दुव्र्यवहार, कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिसां सम्झनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले मिर्चैया नगर पालिका सम्झनु पर्छ ।

(च) "कार्यालय" भन्नाले मिर्चैया नगर पालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

३. **कोषको स्थापनाः**(१)लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएकोछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछनः

(क) मिर्चैया नगरपालिकाबाट प्राप्त रकम,

(ख) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ वा सस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३ उपनियम (१) बमोजिमको रकम बैंकमा छुट्टै खाता खोलि जम्मा गरिने छ ।

(४) कोषको खाता सञ्चालन प्रमुख प्रसाशकिय अधिकृत र लेखा प्रमुखको सयुक्त दस्तखतबाट हुनेछ ।

४. **कोषमा रकम जम्मा गर्नेः** महिलाको हक हित र संरक्षणको लागि नगरपालिकाले बार्षिक रुपमा तोके बमोजिमको प्रतिशत बराबरको रकम नघटाइ कोषमा जम्मा गर्नू पर्ने छ ।

५. **कोषको उपयोगः** (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछः

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(घ) कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(ङ) कुनै व्यवसाय वीउ पुजी (सिडमनि) को रुपमा प्रदान गर्न,

(च) पुनस्थापना गराउन,

(छ) पीडितको लागि सञ्चालक समितिले तोके बमोजीमको अन्य काममा ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुव्र्यसनमा फसेका वा मानसिक रोगी भई सडकमा आएका व्यक्तिलाइ प्राथामिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिनेः** (१) कोषको रकम नियम **५** मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिने छ ।

७. **कार्यलयलाई रकम उपलब्ध गराउनेः** पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि सञ्चालक समितिले कोषबाट कार्यालयको नाममा रकम निकाशा दिनेछ ।

८. **सञ्चालक समितिको गठनः** (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि सञ्चालन समिति रहने छ ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) नगरपालिकाको उप-प्रमुख -अध्यक्ष

(ख) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(ग) प्रमुख, ईलाका प्रहरि कार्यालय -सदस्य

(ग) नगरसभा सदस्य -(महिला २ जना) -सदस्य

(घ) लैङ्गिक हिंसा निबारणको क्षेत्रमा कार्यरत स्थानिय तहमा गैर सरकारी संस्थाहरु मध्येबाट सञ्चालक समितिले तोकेको सस्थाको प्रतिनिधि एक जना -सदस्य

(ङ) स्वास्थ्य शाखा प्रमुख -सदस्य

(च) महिला तथा बालबालिका शाखा प्रमुख -सदस्य-सचिव

(३) उपनियम (२) को खण्ड (घ) बमोजिमको सदस्यको पदाबधि ३ बर्षको हुनेछ ।

(४) सञ्चालक समितिको सचिवालय मिर्चैया नगरपालिकाको महिला तथा बालबालिका शाखामा रहनेछ ।

(५) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **सञ्चाक समितिको काम कर्तब्य र अधिकारः** सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) पीडितलाइ राहात तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत तथा आर्थिक सहयोगको दुरुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(ग) स्थानिय तहमा लैङ्गिक हिंसा निबारणको क्षेत्रमा कार्यरत विभिन्न संघ सस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(घ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानिय स्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

१०. **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधारः** (१) यस नियमावली बमोजिम पीडितलाइ राहात तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइनेछः

(क) पीडितलाइ तत्काल उद्धार गर्नु पर्ने भएमा सवारीसाधन प्रयोग गर्नु पर्ने भए सार्वजानिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत र बास बस्नु पर्ने भए सो बापत छुट्टै रकम दिने,

(ख) पीडितलाइ अस्पताल भर्ना गरी औसधी उपचार गर्नु पर्ने भएमा अस्पताल आउदा जादा सवारी साधन प्रयोग गर्न पर्ने भए सार्वजानीक सवारी साधन प्रयोग गर्दा

लाग्ने भाडा रकम, खाना खर्च, अस्पतालमा बस्ने व्यबस्था नभइ बाहिर बस्नु परेमा बढिमा तीन दिनको बास खर्च र उपचार खर्च समेत उपलब्ध गराउने,

(ग) कानुनी सहायता, मनोवैज्ञानिक उपचार र मनोविमर्सका लागि पाँच हजार रुपैयामा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यबसाय गर्नको लागी वीउ पुँजीको रुपमा बस्तुगत तथा नगत अनुदान समेत गरी बढीमा वीस हजार रुपैया,

(ङ) पुनर्स्थापनाको लागी बढीमा पाच हजार रुपैया,

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागी कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ,

(२) उपनीयम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिब आधार र प्रमाण सहित कुनै पिडीतले कार्यलयमा निबेदन दिएमा र सो व्यहोरा मनासिब देखिएमा सञ्चालन समितिले त्यस्तो पीडितलाई मनासिब रकम थप गरी दिन सक्नेछ ।

**११. राहत तथा आर्थिक सहयोग प्रप्त गर्न निबेदन दिनु पर्नेः** (१) यस कार्यविधी बमोजिम राहत तथा आर्थिक सहयोग प्रप्त गर्न चाहाने पिडीत वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मानसिव कारण खुलाई वडा कार्यलयको सिफारिस सहित वा न्यायीक समितिको सिफारिस मार्फत महिला तथा बालबालीका शाखामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निबेदन जाचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा सञ्चालक समितिले नियम (१०) को अधिनमा रहि पीडितलाइ राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने छ ।

**१२. तत्काल रकम उपलब्ध गराउन सक्नेः** (१) यस कार्यविधिमा अन्य जुनसुकै कुरा लेखिएको भएता पनि पीडितलाइ तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट रु १०,०००। (रु. दश हजार मात्र) नबढ्ने गरी मानासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्ने छ ।

(२) उपदफा १ बमोजिम अबस्था परी सञ्चालक समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराइएकोमा त्यसरि रकम उपलब्ध गराईए पछि बस्ने सञ्चालक समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१३. थप रकम निकासा माग गर्ने सक्नेः** (१)कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्तताको कारण खुलाइ सञ्चालन समितिले थप रकम माग गर्न सक्नेछ ।

**१४. छुट्टै खाता खोल्नु पर्नेः** (१) मिर्चैया नगरपालिकाबाट प्राप्त भएको रकम कुनै बाणिज्य बैंकमा छुट्टै खाता खोलि जम्मा गर्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन प्रमख प्रशासकिय अधिकृत र लेखामा काम गर्ने मुख्य कर्मचारीको सयुक्त दस्तखतबाट हुनेछ ।

**१५. कोषको लेखा र लेखा परिक्षणः**(१) कोषको आय व्यायको लेखा प्रचलित कानुन बमोजिम हुने छ ।

(२) कोषको लेखा परिक्षण नगरपालिकाले बनाएको लेखा प्रणली र लेखा परिक्षण बमोजिम हुनेछ ।

**१६. प्रतिवेदन पेश गर्नेः** राहत समितिले प्रत्यक २ महिनामा सो समितिबाट भए गरेका काम कारवाहिको प्रतिबेदन नगर कार्यपालिकालाइ बुझाउनु पर्नें छ ।

**१७. बैठक भत्ताः** सञ्चालक समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए बापत नगर कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता बापत पाउनेछन् ।

**१८. निर्देशन दिन सक्नेः** मिर्चैया नगर कार्यपालिकाले सञ्चालक समितिको काम कारवाहिको सम्बन्धमा सो समितिलाई आबस्यक निर्देशन दिन सक्नेछ ।

आज्ञाले,
बिष्णु रंजन बराल
प्रमुख प्रशासकीय अधिकृत